## अनुसूची–११
## (परिच्छेद ७ को नियम ३९ को उपनियम (३ ) सँग सम्बन्धित)

### प्रधानाध्यापक छनोटका आरहरु

| छनौटकाआधार | अंक |
|---|---|
| **१. शैक्षिक योग्यता** | **२५** |
| (क) न्यूनतम शैक्षिक योग्यता | १५ |
| (ख) माथिल्लो शैक्षिक योग्यता | १० |
| २.शिक्षण अनुभव | **२०** |
| **३. तालिम** | **१२** |
| (क) शैक्षिक तालिम | १० |
| (ख) विद्यालय व्यवस्थापन तालिम | २ |
| **४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा** | **१२** |
| **५. बिद्यालय बिकास प्रस्ताव** | **१४** |
| (क) विद्यालय बिकास प्रस्ताव | १० |
| (ख) विद्यालय बिकास प्रस्तावको प्रस्तुतिकरण | ४ |
| **६. नेतृत्व लिने क्षमता** | **१७** |
| (क) नगर शिक्षा शाखा प्रमुखको मूल्याङ्कन | ५ |
| ख प्रमुख प्रशासकीय अधिकृतको मूल्यङ्कन | ५ |
| ग विद्यालय व्यवस्थापन समितिको मूल्याङ्न | ५ |
| घ सम्वन्धित विद्यालयका शिक्षकहरुको मूल्याङ्कन | २ |
| **जम्मा** | **१००** |

द्रष्टब्य:

१ न्यूनतम शैक्षिक योग्यता बापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १५ अंक द्बितिय श्रेणीका लागि १३ अंक र तृतिय श्रेणीका लागि ११ अंक दिइनेछ ।माथिल्लो शैक्षिक योग्यता बापत अंक प्रदान गर्दा प्रथम श्रेणीको लागि १० अंक द्बितिय श्रेणीको लागि ८ अंक र तृतिय श्रेणीको लागि ६ अंक दिइनेछ ।माध्यमिक तहको हकमा माथिल्लो शैक्षिक योग्यता भन्नाले एमफिल वा पि एच डी लाई जनाउनेछ । तर १० वर्ष स्थायी सेवा गरेका शिक्षक उम्मेदवारको हकमा शैक्षिक योग्यताको हकमा स्नातक तहको शैक्षिक योग्यताको क्रमश प्रथम श्रेणीको भए १० अंक द्बितिय श्रेणीको भए ८ अंक र तृतिय श्रेणीको भए ६ अंक दिइनेछ ।

२ शिक्षण अनुभव बापत अंक प्रदान गर्दा सम्वन्धित तह (विद्यालय) मा स्थायी नियुक्ति पाई शिक्षण गरेको भए प्रति वर्षको जुन तहको शिक्षक हो सो तहको प्रथथम श्रेणी भए २.५ अंकका दरले, द्बितिय श्रेणीको भए २ अंकका दरले र तृतिय श्रेणीको भए १.५ अंकका दरले बढीमा २० अंक दिइनेछ तर महिला शिक्षकको हकमा २० अंक ननाघ्ने गरी ३० प्रतिशत अंक थप गरिनेछ ।

३ तालिम अन्तर्गत शैक्षिक तालिम बापत अंक प्रदान गर्दा प्रथम श्रेणीको भए १० अंक द्बितिय श्रेणीको भए ८ अंक र तृतिय श्रेणीको भए ६ अक दिइनेछ ।श्रेणी नखुलेको तालिमलाई द्बितिय श्रेणीको अंक दिइनेछ ।शिक्षकले सम्वन्धितद तहको लागि लिएको कुनै एउटा तालिम बापत मात्र अंक पाउनेछ ।

तालिम अन्तर्गत विद्यालय व्यवस्थापन तालिम बापत एकमुस्ट २ अंक प्रदान गरिनेछ ।

अनुसूची –१२
(नियम ९४ सँग सम्वन्धित)

**उत्कृष्ट शिक्षक छनोटका आधार**

| सि. नं. | आधारहरु | अंक |
|---|---|---|
| १. | नियमितता तथा प्रवर्तनात्मक कार्य | १० |
| २. | शिक्षण पेशाप्रतिको निष्ठा तथा लगनसिलता | १० |
| ३. | शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन | १० |
| ४. | शैक्षिक सामग्री निर्माण तथा कक्षाकोठामा प्रयोग | १० |
| ५. | सम्वन्धित विषयको वार्षिक शैक्षिक उपलब्धि | १० |
| | जम्मा | ५० |

अनुसूची १३
(नियम उपनियम (२) सँग सम्बन्धित)

**विद्यालयमा रहने शिक्षक दरवन्दी**

विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन् :

(क) प्रारम्भिक बाल शिक्षा वा नर्सरी देखि पाँच कक्षा सम्म सञ्चालन भएको विद्यालयमा पचास जनासम्म विद्यार्थी भएमा कम्तीमा तीन जना र सोभन्दा बढी बिद्यार्थी भएमा कम्तीमा चार जना शिक्षक ।

(ख) आधारभूत तहको विद्यालयमा : प्रारम्भिक बाल शिक्षा वा नर्सरीदेखि आठ कक्षा सम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक:

(१) अंग्रेजी मूल विषय लिई आई. एड. वा सो सरह उत्तीर्ण गरेको एकजना

(२) विज्ञान वा गणित मूल विषय लिई आई. एड. सो सरह उत्तीर्ण गरेको एकजना

(३) नेपाली वा संस्कृत मूल विषय लिई आई. एड. वा सो सरह उत्तीर्ण गरेको एकजना

(४) सामाजिक विषय अध्यापन गर्नको लागि आई. एड. वा सो सरह उत्तीर्ण गरेको एकजना

(५) आई. एड. वा सो सरह उत्तीर्ण गरेको चार जना

(ग) माध्यमिक विद्यालयमाः

१. नौं कक्षा देखि दश कक्षासम्म सञ्चालन भएको विद्यालयमा माध्यमिक तहको पाँच जना शिक्षकः—

(१) अंग्रेजी मूल विषय लिई बि एड वा सो सरह उत्तीर्ण गरेको एकजना

(२) गणित वा विज्ञान मूल विषय लिई बि एड वा सो सरह उत्तीर्ण गरेको एकजना

(३) नेपाली मूल विषय लिई बि एड वा सो सरह उत्तीर्ण गरेको एकजना

(४) सामाजिक विषय अध्यापन गर्नको लागि सामाजिक मूल विषय लिई बि एड वा सो सरह उत्तीर्ण गरेको एकजना

(५) अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा बि एड वा सो सरह उत्तीर्ण गरेको एक जना ।

